# मादल : एक अध्ययन

नगेन्द्रप्रसाद न्यौपाने

## लेखसार

**नेपाली लोक बाजाको रूपमा परिचित मादल नेपाली लोक सङ्गीतको ढुकढुकी हो। प्राचीन शास्त्रीय बाजा मृदङ्ग र पखवाजको अनुकरण गर्दै मादलको आविष्कार भएको हो भन्ने आकलन गर्न सकिन्छ। मादलको उत्पत्तिका विषयमा कुनै प्रमाण भेटिएको पाइँदैन। मादल लोक वाद्य भएता पनि सबै प्रकारका सङ्गीतमा यसले महत्त्वपूर्ण स्थान ओगटेको छ। हाल नेपाल मात्रै नभएर अन्तर्राष्ट्रिय सङ्गीत जगत्मा समेत यसको प्रयोग बढ्दो छ। अपितु नेपालमा पश्चिमा संस्कृतिको प्रभाव बढिरहेको अवस्थामा नेपाली मौलिक वाद्ययन्त्र मादलप्रति युवा वर्गको रुचिमा कमी हुँदै गएको पाइन्छ। नेपाली लोक गीतहरूमा पश्चिमा वाद्ययन्त्रहरू ड्रम, गितार आदिको प्रयोगले नेपाली संस्कृतिको लोक पक्ष नै समाप्त होला भन्ने डर भइसकेको छ।**

**त्यसैले आदिकालदेखि नै गौरवशाली परम्परा बोकेको मादलको संरक्षण, संवर्द्धन र विकासका लागि सम्पूर्ण सङ्घ, संस्था, सङ्गीत विद्यालय, कलेज तथा रेडियो, टेलिभिजन, पत्रपत्रिका जस्ता सञ्चार माध्यमद्वारा यस सम्बन्धी अभिरुचि बढाउने तालिम, गोष्ठी, कार्यशाला, कार्यक्रम, प्रतियोगिताहरू हुनु आवश्यक देखिन्छ। नेपालको सांस्कृतिक प्रतीकका रूपमा रहेको मादलको सरकारी तबरबाटै यस सम्बन्धी अध्ययन अध्यापनको लागि पाठ्यक्रम निर्माण गरी यसलाई विषयगत रूपमा लागु गर्नु अनिवार्य हुन्छ।**

## मादलको परिचय

गीतको भाकालाई समयभित्र अड्याएर निश्चित गतिमा प्रवाह गर्ने, स्वदेशकै भौतिक साधनले निर्मित नेपालको एक मात्र लोक वाद्य तथा सांस्कृतिक प्रतीकका रूपमा चर्चित अवनद तालबाजालाई मादल भनिन्छ।

पहिलेदेखि नै मादल, ढोल, डम्फु, बाँसुरी, सारङ्गी, पञ्चैबाजा, धिमे, कटोल, मुरचुङ्गा आदिले नेपालको लोक वाद्ययन्त्रको रूपमा मान्यता पाएता पनि तुलनात्मक दृष्टिले हेर्दा मादल नै देशका सम्पूर्ण जाति र वर्गले समान रूपले बजाउने एकमात्र लोकप्रिय वाद्ययन्त्रको रूपमा रहेको पाइन्छ। 'रिदम' अर्थात् 'सुर' बिनाको गीत ब्रेक नभएको मोटर जस्तै दौडने हुनाले अधिकांश लोक गीतलाई मादलले रिदमको रूपमा प्रमख स्थान ओगटेको हुन्छ। अर्को शब्दमा भन्नुपर्दा नेपाली लोक वाद्यको मुटु मादल हो। मादलले लोक गीतलाई संरक्षण गरेको छ। यसले नेपाली सभ्यता र संस्कृतिको पहिचान बोकेको छ। नेपाली सङ्गीतको इतिहाससँगै गाँसिएको यो बाजा हाम्रो सांस्कृतिक लोक जीवनको अभिन्न अङ्गको रूपमा रहेको छ। यसको अभावमा हाम्रा लोक गीतहरू निरस, अरुचिकर र अस्थिर रहन्छन्। पानी बिना माछा बाँच्न नसके जस्तै मादल बिना लोक गीत पनि बाँच्न सक्दैन भन्नु अत्युक्ति नहोला। लोक गीत भन्नासाथ जनमानसमा मादलको घिन्ताङ मनमस्तिष्कमा गुन्जिहाल्छ। मादलले लोक गीतलाई भऱ्याङ लगाउँछ। ढाकरलाई नोकमा टेकाए झैं टेकाउँछ। त्यसको ताल र कर्णप्रिय धुनले जनमानसलाई कम्मर मर्काई मर्काई नचाउँछ।

नेपाल लोक सङ्गीतले समृद्ध मुलुक हो। हाम्रो देश विविध जनजातिले बसोबास गर्ने सुन्दर फूलबारी हो। यहाँका प्रत्येक छहरा, देउराली, चौतारी, भन्ज्याङ सर्वत्र मादल घन्किएको पाइन्छ। हाम्रो समाजमा मेला, पर्व, जात्रा, विवाह, सुख दुःखको बेला मादलकै प्रयोग हुन्छ। दसैंको रोटेपिङ, तिहारको देउसी, भैलोसँगै मादल अगाडि आइहाल्छ।

मादल बज्ने मूल थलो इलामको गजुरमुखी मेला, माइवेनी मेला, चितवनको देवघाट मेला, खोटाङको



हलेसी मेला, तेह्रथुमको मदन मेला, सुनसरीको वराह क्षेत्र मेला, बेनीघाट, भोजपुरको सिद्धकाली साल्पा मेला आदि विभिन्न अवसर र पर्वमा लाग्ने यी रमाइला मेलाहरूमा मादल घन्किएका हुन्छन्। त्यहाँ मादलको रन्को रातभर नै गुन्जिन्छ। नङ र मासु झैँ मादल नेपाली संस्कृतिको सुख दुखःको अभिन्न मित्र रहिआएको छ।

## मादलको उत्पत्ति र विकास

पौराणिक कथाअनुसार मादलको उत्पत्ति वैदिक कालमा नै भएको पाइन्छ। भनिन्छ, भगवान् शिवलाई तालबादक बाजा बिना सङ्गीत अधुरो जस्तो महसुस भएपछि उनले डमरुको सिर्जना गरेका थिए। त्यसपछि सङ्गीतका लागि विभिन्न किसिमका बाजाहरू उत्पन्न हुँदै गए भन्नेबारे धर्मशास्त्रमा उल्लेख पाइन्छ। यसै सिलसिलाबाट देवयुगमा मृदङ्ग र पखबाज प्रसिद्ध भएका थिए। त्यस युगमा पनि बाजाहरू भिरेर नाचगान गरिन्थ्यो। स्वयम् शिवजीले मृदङ्ग भिरेर नाचेका थिए भन्ने पुराणमा वर्णित कथनबाट यस कुराको पुष्टि हुन्छ। यसरी मृदङ्ग आदि बाजा भिरेर बजाउने चलनलाई कालान्तरमा मानव जातिले नयाँ नयाँ स्वरूप दिँदै गए। नेपालमा मृदङ्गको परिमार्जित स्वरूपका रूपमा 'मादल' अस्तित्वमा आएको मानिन्छ।

प्राचीन कालमा मादलको सिर्जना जे जसरी भएता पनि नेपालीहरूको जनजीवनमा आएपछि मादलको घार बनाउँदा रामोले खोपेर बनाइन्थ्यो। तसर्थ मादलको घार बनाउनका लागि कमलो र बिचमा गुदी भएको काठलाई नै प्रयोग गरिन्थ्यो। सिउँडी, चुना, छतिउन आदि र बाँसको ढुङ्गो समेतबाट मादलको घार बनाइन्थे। पछि चनाराहरूले काठलाई कुँदेर विभिन्न सामान बनाउन थालेपछि मादलको घार पनि चनाराले बनाउन थाले भने खरी हाल्ने काम मिजार, कुलु र वादीहरूले गर्न थाले।

वि. सं. २००७ सालअगाडि नेपालका विभिन्न भागमा मादलको खरी हाल्ने काम हुन्थ्यो। प्रायः मधेसबाट र काठमाडौँबाट कुलु, वादीहरू ठाउँ ठाउँमा गएर मादलमा खरी हाल्थे र सोही ठाउँका मिजारहरूले पनि मादल मोर्ने र खरी हाल्ने काम गर्थे। आजकल यातायातको सुविधा र आर्थिक लाभका कारणले गर्दा चनाराहरूले घार कुँदी काठमाडौँमा नै ल्याउँछन् वा त्यसै ठाउँमा बसोबास गरेका वादी कुलुहरूकहाँ गएर खरी हाल्ने काम गरेको पाइन्छ। आजकल प्रायःजसो मादल काठमाडौँमा नै तयार भई देशभरि छरिएको पाइन्छ। नेपाल घुम्न आउने विदेशी पर्यटकहरूले समेत आफ्नो देशमा मादल लैजाने क्रम बढ्नाले अन्तर्राष्ट्रिय स्तरमा समेत यसको लोकप्रियता बढ्न थालेको छ।

## मादलको बनोट


मादलको निर्माणमा छतिवन, शिरिष, टुनी, चाँप, कालीकाठ, कदम, खिरा र चुवा जस्ता हलुका काठ प्रयोग गरिन्छ। साधारणतया मादलको घार बनाउँदा यसको लम्बाइ १ बित्तादेखि लिएर १ हात ६ अमलसम्म लामो हुन्छ। आवश्यकताअनुसार योभन्दा लामो र छोटो पनि बनाइन्छ। मुख्य कुरा लम्बाइअनुसारको मोटाइ हुनुपर्छ। मादलको मोटाइ बनाउँदा लम्बाइअनुसार सबैभन्दा मोटो भागमा तिन कुरेतसम्मको हुन्छ। यसको मोटो भाग ठिक बिचमा हुँदैन र यही मोटो भागबाट दुवैपट्टि सलामी पार्दै लगिएको हुन्छ। छोटोपट्टिको भाग अलि ठुलो र लामोपट्टिको सलामी केही लामो पारी बनाइएको हुन्छ। सरसरती हेर्दा खोपेर बनाइएको मादल केही मझौला खालको देखिन्छ र चनाराले कुँदेको घारमा



चुरीदार रेखाहरूले भरिएको हुन्छ। छतिवनको घारलाई सबैभन्दा असल मानिन्छ तर धेरै पातलो पारेर कुँदिएको छ भने चेप्टिने सम्भावना रहन्छ।

मादल मोर्दा भालेपट्टि मैदानको छाला बाख्रा वा च्याङ्ग्राको हुनुपर्छ भने पोथीपट्टि बाख्रा, च्याङ्ग्रा, भेडा वा गाईको पातलो छाला राखे पनि हुन्छ। मैदान अड्याउने मथुरालाई गाईको पातलो छाला वा च्याङ्ग्रा, भेडा अथवा जुनसुकै छालाबाट बनाए पनि हुन्छ। मथुरा बुन्न टाँका पनि गाईकै छालाको बनाउनुपर्छ। मैदानको छाला तयार भए पनि त्यसमाथि बिचमा सानो प्वाल पारेको मथुराको छाला खप्ट्याएर तनाले ठाउँ ठाउँमा कसेर अड्याउनुपर्छ। त्यसपछि मात्र मथुरा बुन्ने काम सुरु हुन्छ। विभिन्न किसिमको बुनाइअनुसार मादलको मोल निर्धारण गरिएको हुन्छ। दुवैपट्टि मथुरा बुनिसकेपछि त्यस ठाउँमा तना हालेर कसिन्छ र मथुराको पत्रलाई बिचको प्वालबाट विस्तारै काटेर मैदानको छाला छुट्याइन्छ। मैदान बनेपछि मैदानलाई सफासँग खुर्की खरी हाल्ने काम सुरु हुन्छ।

मादलको खरीका लागि आँगा चामलको भात मसिनो पारी पिँधेर पराल पोलेको कालो धुलो हाली राम्ररी लस्सा आउने गरी पिँध्नुपर्छ। खरीको लिटो ठिक भएपछि मादलको दुवैपट्टि मैदानमा लाउनुपर्ने ठाउँ सबै छेकी सो लिटो पातलो पारी लेसाइन्छ। यसमा भालेपट्टिको चक्का सानो र पोथीपट्टिको चक्का ठुलो हुन्छ। पहिलो पत्र खरी लगाएर घाममा सुकाई लोहरोले बेसरी घोटिन्छ। त्यसपछि कर्दले खुर्केर अर्को पत्र लेसाइन्छ। एवम् रीतले खरी लगाउँदा बोलको रन्का पनि सुन्दै आखिरमा भालेपट्टि काँसको




धुलो छेरर सुकाई घोटिन्छ र यसरी खरी हाल्ने काम पूरा हुन्छ। खरी राम्ररी सुकेपछि राम्ररी घोटेर मसिना मसिना दाना फुटाउनुपर्छ। त्यसपछि बोल मिठो हुँदै जान्छ।

**मादलको विभिन्न भागका नामहरू :**

१. जुइना, उजिन्डो, खकान आदि नामबाट चिनिन्छ।
२. मथुरा, बिडा वा तनाको घर
३. पोथी वा मैदा
४. भाले वा खरी
५. मैदान (दुवैपट्टि)
६. खरी (दुवैपट्टि)
७. तना वा तान
८. बिचको भाग तर यो लम्बाइको बिच नरही सलामीबिच हुन्छ।

नेपाली परम्पराअनुसार मादलको भाले र पोथी भन्नु वा अरू नाम भन्नुको तात्पर्य यस प्रकार छ :

- प्राकृतिक रूपमा भाले रूख, चराचुरुङ्गी अग्लो र छरितो हुनुका अतिरिक्त भाले चराको आवाज चड्का र कठोर हुन्छ भने यसको विपरीत पोथी जाति अलि होचो र आवाज मधुरो र तिखो हुने हुनाले मादलको छरितो र लामो भागलाई भाले भनिएको हो भने मोटो भागलाई पोथी भनिएको हो।
- मादलको पोथी भागमा खरीको सट्टा मैदा वा भात पिसेर लगाउँदा पनि उत्तिकै काम दिने हुनाले पोथीलाई मैदा पनि भनिन्छ भने भाले भागपट्टि खरी नहाली नहुने हुनाले यस भाले भागलाई खरी पनि भन्ने गरिन्छ।

## विभिन्न प्रकारका मादलहरू

### सोरठी मादल



सोरठी मादल दुरा, गुरुङ, कुमाल जातिको बाजा हो। यो छतिवनको काठमा गाईको छालाले मोडेर दुवै तर्फ खरी दलेर बनाइएको हुन्छ। यो मादल अरू मादल जस्तो एकापट्टि सानो र अर्कोपट्टि ठुलो नभई दुवैपट्टि बराबर जस्तो देखिन्छ। यो बाजा अलि लामो र बजाउन थालेपछि झङ्कार आपसमा गुञ्जायमान भई रोक्नै नसकी बज्छ। यो तालवाद्य हो र सोरठी गीतमा मात्र बजाइन्छ।

### रानी मादल



रानी मादल पश्चिमाञ्चलका मगर जातिको तालबाजा हो। पाल्पा जिल्लाको पूर्वी क्षेत्रमा गाइने विभिन्न गीतहरू, जस्तै : सुनीमाया, यानीमाया आदिमा यो मादल बजाइन्छ। यस मादलको स्वर निकै मिठो सुनिन्छ। यो मादल आकारमा अरू मादलभन्दा ठुलो हुन्छ।

### सखिया मादल

सखिया मादल थारू जातिको तालबाजा हो। दाङका थारू राजा दङ्गीशरणको गाथाका साथै अन्य लोक



गीत गाउँदा यो बाजा बजाउने प्रचलन रहेको छ। यो काठको घारमा छालाले मोडेर बनाइएको हुन्छ। यो बाजा त्यस क्षेत्रमा मनाइने सबैजसो चाडपर्वमा गरिने लोकनृत्यको अभिन्न अङ्गका रूपमा रहेको छ।



### झुमरी मादल

झुमरी मादल यो पनि थारू जातिको तालबाजा हो। मध्य पश्चिमको तराई भेगमा बजाइने यो बाजा झुमरी नाचमा नभई हुँदैन। छिटो छिटो बजाइने यो बाजा निकै झट्कने वा झङ्कार निस्कने खालको हुन्छ।

### मादल

मादल नेपाली वाद्य जगत्मा सबैभन्दा लोकप्रिय र प्रचलित बाजा हो। नेपालका प्रायः सबै भागमा बजाइने यो बाजा नाग जाति अर्थात् मगर जातिको बाजा हो। यो छतिवन, दार तथा खमारीको काठबाट बनाइन्छ। काठको मुढालाई भित्र खोक्रो पारी घार तयार पारिन्छ र त्यस घारको दुवै मुखमा गाईको छालाले मोडेर छालाकै तनाले कसिएको हुन्छ। दुवैपट्टि छालामा काँस तथा किटको धुलो



मिसाएर खरी लगाइन्छ। भालेपट्टिको भागमा ठुलो आकारको खरी लगाइन्छ र पोथीपट्टि सानो खरी लगाइन्छ। यो नेपाली तालबाजामध्येकै उत्कृष्ट तालाबाजा हो।

### भँाटे मादल

भँाटे मादल सिन्धुपाल्चोकका तामाङ जातिको मौलिक लोकबाजा हो। सम्पूर्ण रूपमा बाँसले मात्र बनेको यो तालबाजा हो। बाँसको दुवै आँख्ला नफोडेको एक आँख्ले बाँसबाट यो बाजा बनाइन्छ। यसको बिचमा सानो आयात आकारको प्वाल पारी त्यही प्वालको दुवै छेउबाट सोही बाँसको मसिनो चोया अर्थात् तार छेउछाउमा नचुँडिने गरी निकालिन्छ। ती दुवै तारको सहायताले बिचको प्वालको ठिक माथि प्वाल जत्तिकै आकारको बाँसकै कप्टेरो अड्याइएको हुन्छ। यसलाई केही माथि उठाउन तारको चारै छेउमुनि ससाना टुक्रा राखिएका हुन्छन्। तिनको प्रयोग तारलाई तन्काउनका लागि पनि गरिन्छ। एक हातले समातेर अर्को हातले त्यही तारमा अड्याइएको कप्टेरोमा कोट्याएर यो बाजा बजाइन्छ।

## मादलको बोल

नेपालमा प्राचीन कालदेखि नै मादल बजाउन सिक्दा वा सिकाउँदा एक अर्काको देखासिकीबाट सिक्ने चलन चल्दै आएको देखिन्छ। तसर्थ मादलको बोललाई मुखले भनेर निश्चित शब्दबाट सिकाउने चलन नपाइएता पनि मादलको बोलहरू निर्धारित शब्दबाट बनेका थिए भन्ने प्रमाणहरू लोक गीतका टुक्राहरूमा प्रयोग भएका बोलबाट प्रस्ट बुझिन्छ।

लोक सङ्गीत विज्ञ सुबी शाहका अनुसार वस्तुतः मादलबाट बज्ने प्रचलित तालहरू भन्नाले झ्याउरे, ख्याली, चरित्र र सोरठीलाई बुझाउँछन्। यस अतिरिक्त गरा बाँध्ने र ठकन हान्ने ताल बेग्लै हुन्छन्। माथि उल्लिखित चार ताल नै नेपालमा प्रचलित मुख्य लोक तालहरू हुन्। यिनै तालका आधारबाट अरू जातीय बाजाहरू र सामयिक तालहरू उत्पन्न हुने भएको देखिन्छ। खासगरी सामयिक गीतहरूमा एक किसिमको बोल कुनै पनि तालबाट लिएर छुट्टै नामको ताल बनाइएको देखिन्छ। चार तालमध्ये प्रत्येक तालका बोलहरू नाचको विभिन्न ठाउँमा बेग्ला बेग्लै बजाइने हुँदा एउटै ताल भए पनि धेरै किसिमका बोल समूह देखा पर्छन्। मादलको बजाउने सिद्धान्तअनुसार र लोक गीतहरूमा पाइएका बोलहरूको शाब्दिक रूपलाई हेर्दा मादलको भाले, पोथी वा दुवैपट्टि बजाउँदा उत्पन्न हुने पृथक बोलका परिचयात्मक शब्दहरू निम्न लिखित प्रकारका छन् ः

| भाले | पोथी | भाले पोथी |
|---|---|---|
| ताम् | धिम् | झ्याम् |
| ता | धिन् | थाम् |
| त | धी | फत् |
| त्रिता | धुम् | नक |
| तत् | गुम् | तक |
| अ | फ | धिना |
| ना | क | फत् |

साधारणतया मादलको बोलहरू माथि उल्लेख भएअनुसार हुन्छन्। तथापि मादल वादकहरूले आवश्यकताअनुसार अरू अनेक बोल निकाल्न सक्छन्।

## ताल परिचय

ताल गाउँदा वा बजाउँदा ठिक ठिक समयभित्र अडेर आफ्नो लयात्मक मात्रालाई अगाडि बढाउँदै लैजाने अडानबद्ध नियम हो। यसरी लयलाई अघि बढाउने ढङ्ग विभिन्न किसिमका हुन्छन्। त्यसै ढङ्गलाई (१, २, ३), (१, २, ३, ४), (१, २, ३, ४) आदि मात्रा तथा समूहमा विभक्त गरेर विभिन्न तालका नामबाट पुकारिन्छन्।

नेपाली लोकसङ्गीतमा खासै ताल परिचय गराइएको पाइँदैन। कुनै पनि गीत गाउँदा वा बाजा बजाउँदा अथवा नाच नचाउँदा थपडी बजाउने र झ्याली, मुजुरा, करताल आदि बजाउने तथा चटपट भन्ने, स्याबास स्याबास भन्ने चलनले तालको परिचय दिएको छ।

मूलतः हाम्रो लोकसङ्गीतमा लय निर्धारण गर्दा तिन किसिमबाट नै गरिएको हुन्छ, जस्तै : ढिलो चाल, चल्ती चाल र छिटो चाल। लोक सङ्गीतको नियमअनुसार लोक गीत वा लोकनाथको नाम मुख्य बाजा बजाउने तालको नामबाट नै रहेको हुन्छ। त्यसैले तालबारे ज्ञान नभईकन कुनै गीत वा नृत्यको काम पत्ता लगाउन सकिँदैन। धेरै गीतलाई ताल मात्र फरक गरी बेग्ला बेग्लै नाम दिएर गाउने चलन पाइन्छ। यसबाट बाजाको ताल बदलिँदा गीत वा नृत्यको नाम पनि बदल्नुपर्छ भन्ने कुरा प्रस्ट हुन्छ।

नेपाली लोक सङ्गीतको ताल सिर्जना गर्ने प्राचीन बाजा नै मादल र पञ्चैबाजा हो। यी दुवै बाजाका तालहरू आपसमा मेल खान्छन्। मादलबाट मुख्य रूपमा निम्न लिखित चार तालहरू बजाइन्छ :

१. झ्याउरे ताल

२. ख्याली ताल

३. चरित्र ताल

४. सोरठी ताल

## निष्कर्ष

नेपाली लोकबाजाहरूको राजा मानिने मादल नेपाली लोकसङ्गीतको ढुकढुकी हो। यसको उत्पत्ति वैदिक कालदेखि नै भएको पाइन्छ। प्राचीन शास्त्रीय बाजा मृदङ्ग र पखवाजबाट अनुकरण गरी मादलको सिर्जना भएको देखिन्छ। तथापि मादलको आविष्कारबारे कुनै आधिकारिक प्रमाण प्राप्य नभएको अवस्थामा जसले जे जस्तो लेखिदिए पनि वा भनिदिए पनि पत्याउनुपर्ने अवस्था छ। प्राचीन कालदेखि नै मादल बजाउन सिक्दा वा सिकाउँदा एक अर्काको देखासिकीबाट सिक्ने चलन चल्दै आएको देखिन्छ। त्यसकारण मादलको बोललाई मुखले भनेर निश्चित शब्दबाट सिकाउने चलन पाइँदैन। अपितु मादलका बोलहरू निर्धारित शब्दबाट बनेका थिए भन्ने प्रमाणहरू लोक गीतका टुक्राहरूमा बोल प्रयोग भएबाट प्रस्ट हुन्छ। मादल बजाउने चलन नेपालको सम्पूर्ण भागमा पाइनुका अतिरिक्त नेपालका प्रायः सबै जातिमा यो बजाउने प्रचलन पाइन्छ। तसर्थ मादल हामी सबै नेपालीको साझा बाजा हो।

आजकाल मादल वादकहरू हराइसकेको अवस्था छ। तबलाको पद्धति पाएर कसै कसैले तबला र खैँका बोलहरू मुखले भनेर सिकाउन सुरु गरेका छन्। वास्तवमा आफ्नो पद्धति छाडेर अर्काको पद्धति अपनाउनु आफ्नै कमजोरीको प्रदर्शनी गर्नु हो। यदि हामी नेपाली सङ्गीतकार र सङ्गीतप्रेमीहरूले नियालेर अध्ययन गर्ने हो भने कतिपय गीतहरूमा मादलका बोललाई अनुकरण गरिएका शब्दहरू धेरै नै पाउन सकिन्छ। तसर्थ मादलको बोल निर्धारण गर्न र बजाउने पद्धति बनाउन केही मुस्किल देखिँदैन।

साँच्चै भन्ने हो भने आजको नेपाली लोक गीत, आधुनिक गीत आदिको प्रदर्शनलाई हेर्दा गीतको शैली तथा तालवादक बाजाको बोल र तालमा समेत पाश्चात्य सङ्गीत र भारतीय सङ्गीतको प्रभाव टड्कारो देखिन्छ। हाम्रा अधिकांश नव गायक गायिकाहरूले गीत गाउँदा प्रधान तालबाजाका रूपमा गीतार, ड्रम आदिलाई महत्त्व दिने र हाम्रो प्राचीन बाजा बजाए पनि परिमार्जित तालअनुसारको बोल प्रयोग गर्छन्। कतिपय सहरी क्षेत्रमा लाखे नाचमा ब्यान्ड बाजा बजाउने, देउसी खेल्दा गितार बजाउने, सेलो नृत्यमा ज्याज ड्रमको प्रयोग गर्ने, झ्याउरे र ख्यालीमा ढ्याङ्ग्रो, गितार, ज्याज ड्रमको प्रयोग

गर्ने गरिएको देखिन्छ। यस्तै गर्दै जाने हो भने हाम्रो नेपाली परम्परागत लोक सङ्गीत केही वर्षमा नै लोप नहोला भन्न सकिँदैन।

कतिपय भारतीय फिल्मी सङ्गीतमा मादलले स्थान ओगटेको पाइन्छ भने पाश्चात्य सङ्गीतमा पनि मादलले स्थान लिएको छ। परन्तु तिनमा प्रयुक्त मादलका बोल तालहरूलाई परिमार्जित गरिएको देखिन्छ। कतै मादलको बोल जलतरङ्ग बजे जस्तो वा तबला बजे जस्तो पनि सुनिन्छ। मादलको बोल र तालको संरक्षणतिर ध्यान नदिने हो भने मादलको ताल र बोल विदेशी पद्धतिमा नै पूर्ण रूपमा परिमार्जित भएर आउन सक्ने सम्भावना रहन्छ। आफ्नै लोक बाजा बजाउन सिक्न पनि विदेश नै धाउनु पर्ने र छमछम लोक नृत्य नाच्नको लागि पनि विदेशी सिद्धान्तको आधार लिने अवस्था नआउला भन्न सकिन्छ।

तसर्थ हामीले हाम्रा प्राचीन तालबाजा कुन कुन हुन्, त्यसका तालअनुसार बजाउने बोल के के हुन् आदि कुराको हेक्का राख्नुपर्छ। मादल सम्बन्धी नियमहरू, ताल मात्राको गिन्ती र विभिन्न तालअनुसारका बोलको विशेष हेक्का राखी आफ्नै पद्धति कायम गराउने र विभिन्न गीतलाई ठिक ठिक ढङ्गबाट गाउने र त्यसको तालमा नृत्य पनि ठिक ठिक ढङ्गबाट गरिनुपर्छ। मादललाई मादलकै रूपमा राखेर तालबाजाहरूको संरक्षण र सम्बर्द्धन गर्नु हामी नेपालीको प्रमुख कर्तव्य हुन आउँछ।

**सन्दर्भ सामग्री**

कँडेल, रामप्रसाद, *नेपाली लोकबाजा,* नेपाली लोकबाजा सङ्ग्रहालय, २०६१

के. सी., टङ्क, *लोक सङ्गीतका थुँगाहरू,* राष्ट्र बचाऊ नेपाल, २०५३

थापा, धर्मराज, *गण्डकीका सुसेली,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

दिवस, तुलसी, *नेपाली लोकबाजा,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

दिवस, तुलसी, *लोक सङ्गीत सङ्गोष्ठी,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

शाह, सुवि, *मादल,* साझा प्रकाशन, २०३९



*नगेन्द्रप्रसाद न्यौपाने*

*नगेन्द्रप्रसाद न्यौपाने कुशल तबला वादकका अतिरिक्त गायकका रूपमा पनि सुपरिचित छन्। सङ्गीत विषयमा स्नातकोत्तर गरेका न्यौपानेले नेपाललगायत भारतमा आयोजित विविध साङ्गीतिक कार्यक्रमहरूमा आफ्नो प्रस्तुति दिइसकेका छन्। विभिन्न साङ्गीतिक सङ्घ संस्थाहरूसँग आबद्ध रहेका न्यौपाने हाल पद्मकन्या क्याम्पस, सिर्जना कलेज अफ फाइन आर्टस् र नेपाल म्युजिक सेन्टरमा अध्यापनरत छन्।*